नेपाल सरकार
**गृह मन्त्रालय**
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार
काठमाडौं, नेपाल

पत्र संख्या :- ०८२/८३
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ९६४

मितिः २०८२।१२।२२
ने.सं.११४६ चौलागा, तृतीया

विषय : व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धमा।

श्री स्थानीय तह, सबै (७५३ वटा)।

प्रस्तुत सम्बन्धमा व्यक्तिको कानूनी पहिचान स्थापित गर्न, नीति निर्माण गर्न र राज्यबाट प्रवाह हुने सेवा प्राप्तीको लागि व्यक्तिगत घटनादर्ता महत्त्वपूर्ण आधारको रुपमा रहेको छ। तथापी, यो विषय नागरिकस्तरमा पुग्न सकेको छैन। अतः व्यक्तिगत घटनादर्ता सम्बन्धी नागरिकस्तरमा जनचेतना अभिवृद्धी गर्ने उद्देश्यले प्रत्येक वर्ष बैशाख महिनाको पहिलो हप्तालाई व्यक्तिगत घटनादर्ता सप्ताहको रुपमा मनाउँदै आएको सन्दर्भमा आगामी वर्ष वि.सं.२०८३ को बैशाख महिनाको पहिलो हप्ता व्यक्तिगत घटनादर्ता सप्ताह मनाउने कार्यक्रम रहेकोले स्थानीयस्तरमा सो सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरी व्यक्तिगत घटनादर्ता सप्ताह मनाउने व्यवस्था गर्नुहुन निर्णयानुसार अनुरोध छ। व्यक्तिगत घटनादर्ता सप्ताहको लागि नमुना कार्यक्रमको खाका देहाय बमोजिम रहेको तथा सोको लागि आवश्यक सन्देशमुलक सूचना सामाग्री यसै पत्रसाथ संलग्न छ।

देहायः

| क्र.सं. | कार्यक्रम |
|---|---|
| १ | सबै स्थानीय तहले व्यक्तिगत घटनादर्ताको महत्त्वबारे सचेतनामुलक कार्यक्रम गर्ने गराउने (विद्यालय तथा स्थानीय संघसंस्थाहरुले व्यक्तिगत घटनादर्ता सम्बन्धी विविध कार्यक्रमहरु आयोजना गर्ने) |
| २ | सञ्चार माध्यम तथा सामाजिक सञ्जालबाट व्यक्तिगत घटन दर्ता सम्बन्धी सचेतनामुलक सामाग्री प्रशारण/प्रकाशन गर्ने |
| ३ | स्थानीय तहहरुको वेबसाईटमा व्यक्तिगत घटना दर्ता सम्बन्धी सूचना मूलक सन्देश राख्ने |
| ४ | सबै वडा कार्यालयहरुले व्यक्तिगत घटनादर्ताको महत्त्व दर्शाउने सूचना सामाग्री कार्यालय परिसरमा राख्ने |

(मनि कुमार तामाङ्ग)
शाखा अधिकृत